नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त संस्था)

रजिष्टर्ड (केन्द्रीय कार्यालय): काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२, धर्मपथ
पोष्ट वक्स नं.३६, फोन न. ४२२२३९७/४२३९८८८, फ्याक्स नं. ४२२०४१४
Email: info@nepalbank.com.np, URL: www.nepalbank.com.np

# ५८ औं साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४/११/१ गते)**

यस बैंकको सञ्चालक समितिको मिति २०७४/१०/२३ गते मंगलबार बसेको ४८ औं बैठकको निर्णय अनुसार यस बैंकको ५८ औं साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मितिः** **२०७४ फागुन २५ गते शुक्रवार ।**
**स्थानः** **नेपाल ए.पी.एफ. क्लव, हलचोक, काठमाडौं ।**
**समयः** **बिहान ११:०० बजे ।**

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावः**

१. साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, मिति २०७३ साउन १ गते देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७४/०७५ लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**विशेष प्रस्तावः**

१. यस बैंकको चुक्ता पूँजी बृद्धि गरी रु. ९,८१,११,४८,०००।- कायम गर्न नेपाल सरकारको हाल कायम रहेको शेयर संख्या र शेयर रकम नघट्ने र नेपाल सरकारको शेयर लगानी रकम ५१ प्रतिशतमा रहने गरी हालको चुक्ता पूँजी रु. ८,०४,२६,६२,२००।- मा नपुग रकम रु.१,७६,८४,८५,८००।- बराबरको थप सार्वजनिक निष्काशन गरी बैंकमा नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत शेयर स्वामित्व रहने गरी सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम बैंकको चुक्ता पूँजी बृद्धि गर्न प्रिमियम मूल्यमा शेयरको थप सार्वजनिक निष्काशन (FPO) गर्ने ।

२. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रवन्धपत्रको दफा ५(ख), (ग), (ङ) मा संशोधन तथा (ज) थप गर्ने र दफा १२ मा संशोधन गर्ने ।

३. नियमावलीको नियम ४३ संशोधन गर्ने ।

४. उपरोक्त FPO जारी गर्ने, शेयरको हिसाव गर्ने, सोको लागि अपनाउनु पर्ने विधि, प्रक्रिया, मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ती, विवरण पत्र प्रकाशित गर्ने र अधिकार प्राप्त निकायमा निवेदन दिने, स्विकृती लिने समेतका सो संग सम्वन्धित आवश्यक सम्पुर्ण काम कारवाही गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. विशेष प्रस्ताव संशोधनवाट प्रवन्धपत्र र नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा तत्सम्वन्धी कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

सञ्चालक समितिको आज्ञाले
केशव प्रसाद भण्डारी
सचिव

# साधारण सभा सम्वन्धी अन्य जानकारी

१. साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिला खारेजको काम मिति २०७४/११/९ गते देखि २०७४/११/२५ गते सम्म यस बैंकको शेयरधनी दर्ता पुस्तिका, शेयर नामसारी तथा दाखिला खारेज कार्य बन्द रहनेछ । मिति २०७४/११/८ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार भएको शेयर नामसारीहरु मिति २०७४/११/१६ गते कार्यालय समयभित्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि. सुन्धाराको कार्यालयमा बुझाउनु हुन अनुरोध छ । उक्त समयभित्र भएका शेयर नामसारीहरु तोकिएको समय भित्र प्राप्त नभएमा कम्पनीको ५८ औं साधारण सभामा भाग लिन पाउने छैन ।

२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही नं., आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०.०० वजे देखि १२.०० वजेसम्म खुल्ला गरिनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटीसि मल, सुन्धारा, काठमाडौंमा वा बैंकको मुख्य कार्यालय, धर्मपथ, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुने छन् ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुटै पत्र सहित प्रोक्सी फाराम कम्पनीको मुख्य कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६. दफा ४ र ५ मा उल्लिखित दिन कुनै सार्वजनिक विदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कम्पनीको कार्यालय कक्ष खुल्ला रहनेछ ।

७. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

८. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

९. नावालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फवाट कम्पनीको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भागलिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

१०. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फाराम संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

११. साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रिय कार्यालय सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । साथै बैंकको वेवसाइट www.nepalbank.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।